"न्यायपालिकाको स्वतन्त्रता, न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बारा जिल्ला अदालत
# कलैया

०५३-५५१९५०
०५३-५५१७१३
(दायरी Ext. २०३)
फ्याक्सः ०५३-५५०८६२

प.स. ०८१/०८२ (प्रशासन) मितिः २०८१/०२/३२

च.नं ११८२६

सूचना । सूचना ।। सूचना ।।

**विषयः लेखापढी व्यवसायीको परीक्षा सम्बन्धमा ।**

लेखापढी कानून व्यवसायीको परीक्षा सञ्चालन समितिको मिति २०८१।०२।२८ को निर्णयानुसार लेखापढी कानून व्यवसायीको रुपमा काम गर्न ईच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भएको सर्त बमोजिम तोकिएको मिति भित्र रितपूर्वकको दरखास्त आह्‍वान गरिएको छ ।

तपसिल

१. परीक्षाको किसिमःलिखित परीक्षा ।

२. परीक्षा केन्द्रःपछि प्रकाशित गरिनेछ ।

३. दरखास्त दस्तुर रु. १००। बारा जिल्ला अदालतको राजस्व शिर्षक नं.२४२२९ दाखिला गरेको नगदि रसिद साथै राख्नु पर्ने छ ।

४. दरखास्त फारमको साथ पेश गर्नु पर्ने कागजातहरु
   (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
   (ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु ।
   (ग) चार प्रति पासपोर्ट साइजको फोटो ।

५. दरखास्त फारम बुझाउने स्थानः बारा जिल्ला अदालत प्रशासन शाखा, कलैया ।

६. दरखास्त फारमः-जिल्ला बार एशोसिएसनको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

७. उम्मेदवारको उमेरको हदः- १८ बर्ष उमेर पूरा गरेको नेपाली नागरिक ।

८. दरखास्त फारम भर्नेः मिति २०८१।०३।०२ गते देखि मिति २०८१।०३।३१ गते सम्म कार्यालय समय भित्र ।

९. परिक्षाको फारम भर्ने अन्तिम मिति नाघि आएको दरखास्त फारमलाई स्विकृत गरिने छैन ।

१०. लेखापढी कानून व्यावसायी परीक्षाको लागि दिने दरखास्त फारमको ढाँचा अदालतले तोके बमोजिमको हुनेछ ।

११. न्यूनतम शैक्षिक योग्यताःएस.एल.सी.वा सो सरहको परीक्षा पास भएको हुनु पर्ने । (ग्रेडिङ प्रणाली लागू भएपश्चात एस.एल.सी. वा सो सरह परीक्षा उत्तिर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिने छ ।

१२. परीक्षा सञ्चालन कार्यविधि लेखापढी कानून व्यवसायी परीक्षा सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

१३. परीक्षा मितिः २०८१।०४।१९ गते शनिवारको दिन बिहान ७:०० बजे ।

१४. प्रवेशपत्र दरखास्त फारम बुझाएको दिन बारा जिल्ला अदालत प्रशासन शाखाबाट उपलब्ध गराईनेछ । परिक्षा सम्बन्धी थप जानकारीको लागि बारा जिल्ला अदालतको प्रशासन शाखा फोन नं. ९८५५०३९०५८)

.................................
लाल बहादुर कार्की
श्रेस्तेदार (उप-सचिव)

"न्यायपालिकाको स्वतन्त्रा: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बारा जिल्ला अदालत
## कलैया

०५३-५५१९५०
०५३-५५१७१३
(दायरी Ext. २०३)
फ्याक्सः ०५३-५५०८६२

(प्रशासन शाखा)
कलैया,बारा
मितिः२०८१।०२।३२

पाठयक्रम प्रकाशन गरिएको सम्बन्धी सूचना

यस अदालतको मितिः२०८१।०२।३२ गते प्रकाशित सूचना बमोजिम लेखापढी व्यावसायी प्रमाणपत्रका लागि दरखास्त आह्वान गरिएको उक्त प्रमाणपत्र वितरणका लागि संचालन हुने परीक्षाका लागि देहायबोजिम पाठयत्रम स्वीकृत गरी प्रकाशन गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

..............................
लाल बहादुर कार्की
श्रेस्तेदार (उप-सचिव)

श्रेस्तेदार
उ.प. द्वितीय

## लेखापढी व्यवसायी परीक्षा-२०८१
### लिखित परीक्षाको पाठयत्रम

(क) सैद्धान्तिक ज्ञान

१. कानूनी लिखित सम्बन्धी सामान्य सैद्धान्तिक ज्ञान [२×५=१०]

कपाली तमसुक, भोग बन्धकी/दृष्टि बन्धकी,राजिनामा तथा अचल सम्पत्तिको हक हस्तान्तरण, बकसपत्र, बारेसनामा र सकारनामा,अधिकृत वारिसनामा,उजुरी, निवेदन, प्रतवेदन, भरपाई, शर्तनामा, करार वा सम्झौता, नोटरी पब्लिक, मध्यस्थता, मेलमिलाप, म्याद, हदम्याद, तारिख, अदालती दस्तुर, बिबाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, दर्ताद्वारा बिबाह तथा सिफारिस सम्बन्धी सामान्या जानकारी ।

२. लेखापढी तथा लिखत सम्बन्धी कानून [२×५=१०]

- ⊙ लेखापढी व्यासायी सम्बन्धी नियमाबली, २०५१
- ⊙ मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को परिचछेद-४
- ⊙ मुलकी देवानी कार्विधि नियमावली,२०७५ को परिच्छेद-३
- ⊙ मुलकी फौजदारी कार्विधि नियमावली,२०७५ को परिच्छेद-५
- ⊙ जिल्ला अदालत नियमावली,२०७५को परिच्छेद ५,९,र १४
- ⊙ लेखापढी व्यवसायीको आचारसंहिता

(ख) व्यवहारिक कानुन तथा लिखत सम्बन्धी मस्यौदाको सामान्यज्ञान [३×१०=३०]

- ⊙ मुलकी देवानी संहिता-२०७४, मुलुकी देवानी फौजदारी कार्यवबिधि संहिता-२०७४
- ⊙ मालपोत ऐन र नियमावली
- ⊙ जिल्ला अदालत नियमावली २०७५
- ⊙ स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-८
- ⊙ कपाली तमसुक,

"न्यायपालिकाको स्वतन्त्रता: न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बारा जिल्ला अदालत
## कलैया

०५३-५५१९५०
०५३-५५१७१३
(दायरी Ext. २०३)
फ्याक्सः ०५३-५५०८६२

- जाहेरी दरखास्त,
- वारिसनामा र सकारनामा,
- अदालतमा प्रयोगमा आउने बिभिन्न निवेदनहरु,
- मालपोत कार्यालयमा प्रयोगमा हुने लिखतहरुको ढाँचा,
- स्थानीय न्यायिक समितिसमक्ष पेश हुने उजुरी,
- सिफारिस पत्रको सामान्य ढाँचा,
- सरकारी कामको सिलसिलामा सरकारी कार्यालयहरुमा पेश गर्नुपर्ने निवेदनको सामान्य ढाँचा,
- अन्य व्यवहारिक लिखतहरु